# स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः७संख्याः ,४ साल २०८० ,गते ५बैसाख ,**


## भाग2-

## सरुमारानी गाउँपालिका

# सामाजिक परीक्षण कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०।०१।०५

प्रमाणिकरण मितिः२०८०।०१।०७

**परिचय**

सरुमारानी गाउँपालिकाले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई ब्यवस्थित गर्न र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उपदफा (५) मा उल्लेख भए बमोजिमको प्रावधान कार्यान्वयन गर्ने कार्यलाई सहज गर्न ".सरुमारानी गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०८०" तर्जुमा गरी मिति २०८०/०१/०५ गतेको गाउँकार्यपालिकाको बैठकको निर्णयबाट स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद — १

## उद्देश्य, संक्षिप्त नाम र परिभाषा

**१.कार्यविधिको उद्देश्य**

सरुमारानी गाउँपालिकाको सामाजिक जिम्मेवारी र त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्गदर्शन गर्नु यस कार्यविधिको मुख्य उद्देश्य हुनेछ । यस कार्यविधिले स्थानीय तहले सामाजिक परीक्षणको व्यवस्था अनिवार्य रूपमा लागू गर्नका लागि परीक्षण विधिलाई सरलिकृत गर्न, परिक्षण प्रक्रियालाई स्पष्ट तथा व्यवस्थित गर्न, सामाजिक परिक्षण प्रक्रियामा एकरूपता ल्याउन र सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्न सहयोग पुर्‍याउनेछ ।

**२.संक्षिप्त नाम र प्रारम्भ**

यो कार्यविधिको नाम "सरुमारानी गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०८०"रहेको छ। यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क)"ऐन"भन्नाले स्थानीय सरकासर सञ्चालन ऐन,२०७४सम्झनु पर्दछ ।

(ख)"स्थानीय तह" भन्नाले गाउँपालिकालाई सम्झनु पर्नेछ।

(ग) "सभा" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभा, सम्झनु पर्नेछ ।

(घ) "कार्यपालिका"भन्नाले संविधानको धारा २१५ बमोजिम गठन भएको गाउँकार्यपालिकालाई सम्झनु पर्नेछ ।

(ङ)"स्थानीय तहको प्रमुख "भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झन ुपर्नेछ ।

(च)"मन्त्रालय"भन्नाले नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनुपर्छ ।

(छ)"विषयगत मन्त्रालय "भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वाहेकका नेपाल सरकारका विकास निर्माण एवं सेवासुविधाको प्रवाहसँग सम्बन्धित अन्य मन्त्रालयहरु र प्रदेश स्थित मन्त्रालयहरुलाई सम्झनु पर्दछ ।

ज)"विषयगत कार्यालय "भन्नाले नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालय अन्तर्गत जिल्लास्थित कार्यालय तथा डिभिजन कार्यालय र प्रदेश स्थित विषयगत कार्यालय समेतलाई सम्झनु पर्दछ ।

(झ)"विकास साझेदार "भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलव्ध गराउने द्विपक्षीय एवं बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था र गाउँपालिका संग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलव्ध गराउने राष्ट्रिय गैरसरकारी संस्था समेतलाई सम्झनु पर्छ ।

(ञ)"उपभोक्ता समिति "भन्नाले गाउँपालिकाद्धारा स्वीकृत आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले आयोजना वा कार्यक्रम निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट गाउपालिकाद्धारा निर्धारित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउछ ।

(ट)"सामाजिक परीक्षण "भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) उल्लेख भए अनुसारको लेखाजोखा सम्झनु पर्छ ।

(ठ)"सार्वजनिक परीक्षण "भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५)बमोजिम गाउँपालिकाले संचालन गर्ने कार्यक्रम आयोजनाको लक्ष्य उद्देश्य बजेट (आम्दानी) तथा यसबाट प्राप्त नतिजा उपलब्धी र खर्च आदिको बारेमा सरोकारवालाहरु विच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्यांकन गर्ने कार्य सम्झनु पर्छ ।

(ड)"गैरसरकारी संस्था "भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका र गाउँपालिकाको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिकासंग समन्वय राखी कार्यक्रम सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ । यसलाई छोटकरीमा गै.स.स.भनिने छ ।

(ढ)"सामुदायिक संस्था "भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा गाउँपालिकामा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ ।

(ण)"योजना"भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा (१) मा उल्लेख भए बमोजिम गाउँपालिकाको समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको आवधिक, बार्षिक र रणनीतिगत तथा विषयक्षेत्रगत योजना र यस्तैप्रकारका अन्य योजनालाई सम्झनु पर्छ ।

(त)"कार्यक्रम "भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि गाउँपालिकाद्धारा तयार गरिएको क्षेत्रगत वा वहुक्षेत्रगत कार्यक्रम सम्झनु पर्छ ।

(थ)"आयोजना "भन्नाले पालिकाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधी र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजना सम्झनु पर्छ ।

(द)"अनुदान "भन्नाले नेपाल सरकार र प्रदेश सरकारबाट गाउँपालिकालाई प्राप्त हुने वित्तीय समानिकरण, सशर्त, समपुरक तथा विशेष अनुदान, विभिन्न मन्त्रालय, कोष रदातृ निकायबाट उपलब्ध हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहयोग समेत सम्झनु पर्छ ।

(ध)"लक्षित समूह "भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला एव बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका वर्गहरु (सबै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी÷जनजाति, भिन्न क्षमता भएका व्यक्तिहरु, मधेसी, मुस्लिम तथा पिछडावर्ग) एवं नेपाल सरकार र प्रदेश सरकारले लक्षित समूह भनी तोकेका वर्गएवं समुदाय सम्झनु पर्छ ।

(न) "सामाजिक जिम्मेवारी "भन्नाले गाउँपालिकाले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवाप्रवाह गर्ने दायित्वलाई जनाउदछ ।

## परिच्छेद —२
## सामाजिक परीक्षण सम्बन्धी संस्थागत व्यवस्था

### ४. सामाजिक परीक्षण सम्बन्धी व्यवस्था

४.१ गाउँपालिकाले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धी तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नेछ । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै स्थानीय तहलाई ऐन तथा नियमावलीले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धी र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकलाई आधार मानी लेखाजोखागर्नु पर्नेछ ।

सामाजिक परीक्षण आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ ।तर कुनै कार्यक्रम/आयोजना विशेषको थप सामाजिक परीक्षण गर्नको लागि यो व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन

४.२.गाउँपालिकाले दुई स्वतन्त्र बिज्ञको समुहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा नियुक्त गर्नेछ । कुनै परामर्शदाता संस्था, कम्पनी वा फर्मलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिनेछ । संस्था वा कम्पनीलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिदाको अवस्थामा उक्त संस्थासँग निर्धारित योग्यता भएको बिज्ञ उपलब्ध भएको हुनु पर्नेछ । निजहरूको कार्य विवरण र योग्यता अनुसूची-१ मा उल्लेख गरिएको छ ।

४.३ सामाजिक परीक्षण कार्यको समन्वय तथा गाउँपालिका तथा सामाजिक परीक्षकलाई सहयोग गर्न आवश्यक देखिएमा देहाय अनुसारको सामाजिक परीक्षण समन्वय समिति गठन गर्न सकिनेछः

क. गाउँपालिका अध्यक्ष वा अध्यक्षको कार्य गर्न तोकिएको व्यक्तिः संयोजक

ख. गाउँपालिका उपाध्यक्षः सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृतःसदस्य

घ. महिला तथा बालबालिका शाखा प्रमुख वा निजले तोकेको प्रतिनिधिः सदस्य

ङ. स्थानीय गैसस वा सामुदायिक संस्था वा उपभोक्ता समितिको एक जना प्रतिनिधिः सदस्य

च. स्थानीय उद्योग वाणिज्य संघबाट एक जना प्रतिनिधिः सदस्य

छ. यस समितिले तोकेको विषयगत कार्यालयको प्रमुखः सदस्य

ज. सामाजिक विकास क्षेत्र हेर्ने अधिकृत/ कर्मचारीः सदस्य—सचिव

तर, गाउँपालिकाकामा यस्तो समिति गठन नभएको अवस्थामा समेत परामर्शदाता वा विज्ञ (सामाजिक परीक्षक) मार्फत कार्यलय र विषयगत निकाय/कार्यालय/शाखाका कर्मचारीहरूको सहयोगमा सामाजिक परीक्षण कार्य संचालन गर्न सकिनेछ ।

## परिच्छेद — ३
## सामाजिक परीक्षण विधि र प्रतिवेदन

### ५.परीक्षण विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरी पुरा गर्नुपर्नेछ ः

५.१ सन्दर्भ सामाग्री अध्ययन र समीक्षा

सामाजिक परीक्षकले सन्दर्भ सामाग्रीको रूपमा स्थानीय तह सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना- विषयगत कार्यालयहरूको समेत), सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गत बर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवश्यक सामाग्रीको अध्ययन गर्नु पर्नेछ । त्यस्ता सामाग्रीहरुको अध्ययन पश्चात स्थानीयतहले सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा समीक्षा र विश्लेषण गर्नु पर्नेछ।

५.२ अन्तरबार्ता, स्थलगत निरीक्षण, अवलोकन र समूह छलफल

सामाजिक परीक्षकले निम्न सूचकहरूका आधारमा गाउँपालिकाका पदाधिकारीहरू, शाखाप्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमूखसँग अन्तवार्ता लिनु पर्नेछ । अन्तरबार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गर्नु गराउनु पर्नेछ । आवश्यक्ता अनुसार स्थलगत निरीक्षण र अवलोकन गरी सामाजिक कार्य सम्पादनको अवस्था सुनिश्चित गर्नु पर्नेछ । यस क्रममा सामाजिक जिम्मेवारी बहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन (अनुसूची २ र ३) तयार गर्नु पर्नेछ ।

### ६.प्रतिवेदन प्रस्तुति तथा छलफल

अनुसूची -२ र ३ मा उल्लिखित ढाँचामा आधारित प्रतिवेदन देहाय अनुसारको शीर्षकमा केन्द्रिकृत रही छलफलको लागि प्रस्तुत गर्नु पर्नेछ । कार्यक्षेत्रको परिचय स्थानीय तहको प्राथमिकता तथा लक्ष्यहरू गतवर्षको मुख्य मुख्य उपलब्धीहरू यसवर्षको मुख्य मुख्य उपलब्धीहरू (सूचकहरू को आधारमा प्रस्तुत गर्ने )

- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता
- समस्याहरू
- सुधारको लागि चाल्नु पर्ने कदम तथा सुझावहरू

**७.प्रतिवेदन तयारी**

छलफलमा उठेका सुझाव तथा निर्णयहरू र कार्ययोजना सहित प्रतिवेदन ( अनुसूची-४ अनुसार ) तयार गर्नु पर्नेछ ।

**८. सामाजिक परीक्षणमा समावेश गराउनुपर्ने**

विषयगत कार्यालय/निकायहरू र गाउँपालिकाको वार्षिक कार्यक्रम/आयोजनामा समावेश भएका गैरसरकारी संस्थाहरूको हकमा स्थानीय तहकै अभिन्न अंगको रूपमा सामाजिक परीक्षणमा समावेश गर्नुपर्नेछ ।

**९.सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतीको तयारी**

९.१ अनुसूची- २ र ३ अनुसारको प्रतिवेदन स्थानीय भेलामा प्रस्तुत गरिनेछ ।

९.२ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित हुन गाउँपालिकाका प्रमुख सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरू (वर्तमान पदाधिकारीहरू, नागरिक समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, वालबावालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था, तथा सामुदायिक संस्थाहरू, बुद्धिजिवीहरू आदि) सँग अन्तरक्रियाका लागि आह्वान गर्नु पर्नेछ ।

९.३ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रममा सहभागी हुन उपलब्ध सञ्चारका माध्यमहरूद्वारा सर्वसाधारण नागरिकलाई समेत आमन्त्रण गर्नु पर्नेछ ।

९.४ भेला गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा बस्नेछ ।

**१०.सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम संचालन विधि**

१०.१ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सहभागीहरूको उपस्थिति पुस्तिका राख्नु पर्नेछ । उक्त पुस्तिकामा सहभागीहरूको नाम, पद, ठेगाना तथा प्रतिनिधित्व गरेको संस्था उल्लेख हुनु पर्नेछ ।

१०.२ कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, संचालनविधि, समय र आचारसंहिता बारे जानकारी दिनुपर्नेछ ।

१०.३ सामाजिक परीक्षकले **अनुसूची—**२ र **अनुसूची—३** बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गर्नेछ ।

१०.४ कार्यक्रममा प्रतिवेदन विवरण प्रस्तुत भएपछि सामाजिक परीक्षण समन्वय समितिको तर्फबाट कार्यक्रमका सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नु पर्दछ ः—

- गाउँपालिकाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव सुचकको आधारमा
- गाउँपालिकाले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति

- गाउँपालिकाले समयमा सेवा सुविधा दिन सेवा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू
- गाउँपालिकाको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वासनीयता
- वालवालिका, महिला, दलित, जनजाति ,गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता
- गाउँपालिकाले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्यसम्पादनको स्तर
- सामाजिक उत्तरदायित्व पुरा गर्न गाउँपालिकाको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू

१०.५ सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई सामाजिक परीक्षण समन्वय समितिका पदाधिकारीहरू तथा सामाजिक परीक्षकले टिपोट गरी राख्नुपर्दछ । सहभागीले राखेका जिज्ञासा तथा विचारमा गाउँपालिकातथा सामाजिक परीक्षकले स्पष्ट पार्नु पर्नेछ ।

१०.६ सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सामाजिक परीक्षकले सारसंक्षेप तयार प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

## परिच्छेद — ४
## प्रतिवेदन कार्यान्वयन

### ११. प्रतिवेदनपेश गर्नुपर्ने

सामाजिक परीक्षकले सामाजिक परिक्षण प्रतिवेदन अनुसूची—४ अनुसार गाउँपालिकाको प्रमुख समक्ष पेश गर्नुपर्नेछ

### १२.प्रतिवेदन सार्वजनिक गर्नुपर्ने

गाउँकार्यपालिकाले सो प्रतिवेदन गाउँसभामा पेश गरी मुख्य मुख्य बुदाहरूलाई (सकारात्मक तथा सुधारात्मक) विश्लेषण गरी सार्वजनिक गर्नु पर्नेछ । .सामजिक परीक्षण प्रतिवेदनले औल्याएका कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न गाउँपालिकाले नीतिगत निर्णय गर्न सक्नेछ ।

## परिच्छेद —५
## आचार संहिता

### १३.आचार संहिता

सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्न अनुसारका आचारसंहिता पालना गर्नुपर्दछः—

- विषयवस्तुमामात्र केन्द्रित रही छलफल गर्ने ।
- तथ्यांक र सूचनाको आधारमा रहीविचार राख्ने ।
- निजीवाव्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवादनगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई
- सकारात्मक रूपमा लिने ।
- व्यक्तिवा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।

- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने ।
- बोल्दापालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्रबोल्ने ।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमाअर्काको कुरा नकाट्ने ।

**१४. कागजात उपलब्ध गराउनु पर्ने**

सामाजिक परीक्षण समन्वय समितितथा सामाजिक परीक्षकले मागेको विवरण तथ्यांक, सूचना तथा कागजात गाउँपालिका, विषयगत कार्यालय, गै.स.स.तथा अन्य संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद — ६

## विविध

**१५. गैसस तथा अन्य सार्वजनिक संस्थाहरूको सामाजिक परीक्षण कार्यविधि**

गैसस तथा अन्य सार्वजनिक संस्थाहरूले पनि समाजिक परीक्षण गर्दा यस कार्यविधिको प्रयोग गर्न सक्नेछन् ।सो गर्न गराउन गाउँपालिकाले समन्वय र सहयोग गर्नु पर्नेछ ।

१६. **थपघट र हेरफेरः**

यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि कार्यपालिकाले यस कार्यविधिमा आवश्यक्ता अनुसार ब्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**१७. खारेजी तथा बचाउः**

(१) यस कार्यविधिको कुनै प्रावधान प्रचलित कानून एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐन २०७४ संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

## अनुसूची १

## (बुदा ४.२ सँग सम्वन्धित )

**सामाजिक परीक्षक सम्वन्धी व्यवस्था**

गाउँपालिकाले एक बर्ष सम्म सम्पादन गरेका कामहरूबाट के कति सामाजिक विकास भयो अथवा निकायको सामाजिक जिम्मेवारी पुरा गर्न सम्पादन भएका कामहरू, उपलब्धीहरू र प्रभावहरूको लेखाजोखा गरी प्रतिवेदन पेश गर्न सामाजिक परीक्षकको रूपमा प्रत्यक्ष दुई बिज्ञको समूहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा नियुक्त गर्नेछ । कुनै संस्था वा कम्पनीलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिनेछ । संस्था वा कम्पनीलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिदाको अवस्थामा निर्धारित योग्यता भएको मानव श्रोत भएको हुनु पर्नेछ ।

१. सामाजिक परीक्षकको योग्यता

- स्नातकोत्तर भई सम्वन्धित क्षेत्रमा अनुभव,
- सामाजिक परीक्षण सम्बन्धी अनुशिक्षण प्राप्त
- यस गाउँपालिकाको कार्यक्रम वा आयोजनामा प्रत्यक्ष सलंग्न नरहेको

२. पारिश्रमिक

सामान्यतया सामाजिक परीक्षणका लागि गाउँपालिका र बिज्ञको वीचमा छलफल बाटकार्य दिन तय गरी नियमानुसार सेवा तथा पारिश्रमिक तय गर्न सकिनेछ ।

३.सामाजिक परीक्षकका कामहरू

सामाजिक परीक्षणका कामलाई ३ चरणमा विभाजन गरिएको छ ।

क) तयारी

यस चरणमा निजले बाह्य वा आन्तरिक रूपमा सूचना संकलन गर्नु पर्नेछ । सामाजिक परीक्षकले सन्दर्भ सामाग्रिको रूपमा यस गाउँपालिका सम्वन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना-विषयगत कार्यालयहरूको समेत), सामाजिक उपलब्धी, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गतबर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवश्यक सामाग्रीको अध्ययन गर्नु पर्नेछ ।

ख) विवरण तयारी तथा प्रस्तुती

गाउँपालिकाको सामाजिक कार्यसम्पादनका विषयमा स्पष्ट भएपछि स्थानीय निकायका पदाधिकारीहरू, कार्यालय प्रमुख, शाखा तथा आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुख तथा जिम्वेवार कर्मचारीसँग अन्तरवार्ता लिनु पर्नेछ । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समुहबनाई समुह छलफल गर्नु पर्नेछ । तिनीहरूको सम्पादनको अवस्था प्रमुख समस्या, चुनौती र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी सो समेत अनुसूची २ र ३ अनुसारको विवरण तयार गर्नु पर्नेछ । अन्त्यमा सम्पूर्ण सरोकारवालाको भेलामा सो विवरण प्रस्तुत गरी छलफल गर्नु पर्नेछ ।

ग)प्रतिवेदन चरण

सरोकारवालाको भेला पश्चात् सामाजिक परीक्षकले अन्तिम प्रतिवेदन तयार गर्नु पर्नेछ । भेलामा उठेका सुझाव तथा निर्णयहरू र कार्ययोजना सहित प्रतिबेदन अध्यक्षलाई प्रतिवेदन वुझाउनु पर्नेछ ।

**अनुसूची—२**
**(बुदा १०.३ सँग सम्वन्धित)**
**सरुमारानी गाउँपालिका**
**समाजिक परीक्षकको प्रतिवेदन**
**( बृहत छलफलमा प्रस्तुत गरिने)**

स्थानीय तहको नामः मितिः

१.गाउँपालिकाको परिचय (बुंदागत रूपमा लेख्ने)

२. स्थानीय तहकको प्राथमिकता तथा लक्ष्यहरू (बुंदागत रूपमा लेख्ने)

३. गतवर्षको मुख्य मुख्य उपलब्धीहरू (बुंदागत रूपमा लेख्ने)

४. यसवर्षको मुख्य मुख्य उपलब्धीहरू (सूचकको रूपमा प्रस्तुत गर्ने)

५.सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गतबर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहूँच भएको घरधुरी संख्या | | | |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | | | |
| खोपमा पहूँच भएको जनसंख्या (एक बर्ष मुनीका बालबालिकाको आधारमा) | | | |
| ४ पटक गर्भवती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | | | |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | | | |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | | | |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवालिने घरधुरी परिवार संख्या | | | |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | | | |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | | | |
| प्राथमिक विद्यालयमा पहूच नभएका सो उमेर समुहका बालबालिका संख्या/प्रतिशत | | | |
| कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | | | |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | | | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | | | |
| प्रतिकक्षा कोठा विद्यार्थी संख्या | | | |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | | |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | | | |
| दलित बालबालिकाको शिक्षामा पहूँच | | | |
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | | | |
| सौचालय भएको संख्या वा प्रतिशत | | | |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | | | |
| सौचालय भएको परिवार संख्या | | | |
| सुधारिएको चुलो भएको परिवार संख्या | | | |
| **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको संख्या | | | |
| सामाजिक बिकृति, विसंगति | | | |
| सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | | | |
| **जनचेतना तथा गरिवी निवारण** | | | |
| बालश्रमको अवस्था | | | |
| बालक्लवहरूको अवस्था | | | |
| महिला हिंशा | | | |
| रोजगारीको अवस्था | | | |

| | | | |
|---|---|---|---|
| स्वरोजगारका प्रयासहरू | | | |
| गरिवी निवारणका प्रयासहरू | | | |
| सामाजिक परिचालन | | | |
| वतावरण सुधारका प्रयासहरू | | | |
| एच.आई.भि र एड्स | | | |
| विकासमा समान सहभागिता सेवाहरूमा पहूँच | | | |
| स्थानीय वजार पुग्न लाग्ने समय | | | |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | | | |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको<br>सेवा तथा दिइएको विशेष अवसरहरू | | | |
| संस्थागत क्षमता | | | |
| जनशक्ति | | | |
| नीति तथा कार्यक्रम | | | |
| भौतिक व्यवस्था | | | |
| समन्वय र सहकार्यका प्रयासहरू | | | |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरू | | | |

६. गत वर्षमा भोगेका समस्याहरू (बूँदागत रूपमा लेख्ने)

७. सुधारको लागि चाल्नु पर्ने कदमहरू तथा सुझाव (वुंदागत रूपमा लेख्ने)

सामाजिक परीक्षकको नामः

दस्तखतः

संस्थाको नाम ( यदि सस्था भएमा)

मितिः

## अनुसूची– ३

**(बुदा १०.३ सँग सम्वन्धित)**

**................विषयगत कार्यालय/गैर सरकारी संस्था /गा.पा. ...............**

**सामाजिक परीक्षकको प्रतिवेदन**

**(बृहत छलफलमा प्रस्तुत गरिने)**

१.विषयगत कार्यालय÷गैर सरकारी संस्था को नाम ः

२. लक्ष्य

क.

ख.

ग.

घ.

३. मुख्य उद्देश्य बुंदागत रूपमा लेख्ने)

क.
ख.
ग.
घ.
४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू (बुंदागत रूपमा प्रस्तुत गर्ने)
क.
ख.
ग.
घ
६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमताः

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| | |
| | |
| | |
| | |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) ः
क.
ख.
ग.
घ.
८. भावी कार्यक्रम संचालनको लागि चाल्न ुपर्ने कदमहरू तथा सुझावहरू (बुंदागत रूपमा लेख्ने)
क.
ख.
ग.
घ.
सामाजिक परीक्षकको नामः

दस्तखतः
संस्थाको नाम (यदि सस्थाभएमा)
मितिः

**अनुसूची—४**

**(बुदा ११सँग सम्बन्धित)**

**सामाजिक परीक्षकले गाउँपालिका प्रमुख समक्ष पेश गर्ने प्रतिवेदनको ढाँचा**

श्री सरुमारानी गाउँपालिका

१.पृष्ठभूमि

२. सामाजिक परीक्षणको उद्देश्य

३. अध्ययन विधि

४. अध्ययनको सीमा

५. बृहत् छलफल कार्यक्रमको विवरण

क) मितिः ख) स्थानः ग) समयः

६. गाउँपालिका र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण संलग्न राख्ने । (अनुसूची २ र ३ )

७. सामजिक परीक्षणवाट देखिएका सवल पक्षहरु (बँदागत रुपमा लेख्ने)

८. सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरु (बुदागत रुपमा लेख्ने)

९. सामाजिक जिम्मेवारी पुरा गर्न पालिकालेचाल्नु पर्ने कदमहरु वा सुझावहरु

सामाजिक परीक्षकको नामः
दस्तखतः
संस्थाको नाम (यदि संस्था भएमा)
मितिः

**प्रमाणिकरण मितिः २०८०।०१।०७**

आज्ञाले
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत